बैठक संख्या: १०/२०७९/०८०

मिति: २०७९/१०/२९

समय: दिउँसो २:०० बजे

स्थान: भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सबिना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | बिक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | बिनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भुमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १०/०७९-८० मिति २०७९।१०।२९ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

प्रस्तावहरु:

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २ | नियमित सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| ३ | आय व्ययको समीक्षा सम्बन्धमा | |
| ४ | आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सम्बन्धमा | |
| ५ | समिति तथा कार्यदल गठन सम्बन्धमा | |
| ६ | बास योजना कार्यान्वयन सम्बन्धमा | |
| ७ | बास योजना स्वीकृति सम्बन्धमा | |
| ८ | खर्च कटौति सम्बन्धमा | |
| ९ | कार्यविधि तथा मार्गदर्शन तयारी सम्बन्धमा | |
| १० | यूवा विकास केन्द्र गठन सम्बन्धमा | |
| ११ | समूह दर्ता कार्यविधि सम्बन्धमा | |
| १२ | अटो तथा इलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि | |
| १३ | खेलकूद व्यवस्थापन सम्बन्धमा | |
| १४ | झोलुङ्गे पुल आवश्यकता माग संकलन सम्बन्धमा | |
| १५ | बस्तीस्तरमा योजना तर्जुमा तयारी सम्बन्धमा | |
| १६ | विपन्न व्यक्ति उपचार सहयोग सम्बन्धमा | |
| १७ | सडक बोर्ड नेपालबाट विनियोजित बजेटका लागि कार्यक्रम स्वीकृति सम्बन्धमा | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०७९।१०।२९
पद:

भुमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १०/०७९-८० मिति २०७९/१०/२९ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

## निर्णय नं. १:

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या ९ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा १४ वटा निर्णयहरुमध्य १० वटा निर्णय कार्यान्वयन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने र आगामी दिनमा निर्णय कार्यान्वयन कार्ययोजना समेत तयार गर्ने निश्कर्ष निकालियो।

## निर्णय नं. २:

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट २०७९ पुस महिनामा सम्पादित काम र सेवा प्रवाहको अवस्था बारे समीक्षा गर्दा सन्तोषजनक रहेको निश्कर्ष निकाल्दै सेवा प्रवाहलाई अझ प्रभावकारी गर्दा देहाय बमोजिम गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो:

तपसिल

१) सबै वडा कार्यालयहरुले सेवाग्राहीहरुको वैयक्तिक पारिवारिक विवरण अभिलेख तयार गर्ने,

२) हरेक वडामा सफा शौचालय, जुठ्यान, भकारो सुधार, खानेपानीको धारा, सुधारिएको चुल्हो, विद्यालय नजाने बालबालिका लगायतका तथ्याङ्क अद्यावधी गरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन गर्ने,

३) वडा कार्यालयहरुमा प्रिन्टर, कम्प्यूटर, टोनर जस्ता मेसिनरी औजारहरु तथा फोटोकपि पेपर लगायतका कार्यालय सामग्री अतिरिक्त मौज्दात नभएकाले अतिरिक्त मौज्दात समेत व्यवस्था गर्ने,

४) हालसम्म सम्पादित कार्य तथा सेवा प्रवाहको सम्बन्धमा मिति २०७९ फागुन १५ गते भूमे गाउँपालिका वडा नं. ९ चुनबाङमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने,

५) सामाजिक सुरक्षा भत्ता लाभग्राही विवरणमा छुट विवरण संकलन गरी तत्काल नयाँ दर्ताका लागि सबै वडा कार्यालयहरुले विवरण संकलन गर्ने,

६) एकीकृत घुम्ति शिविर सञ्चालनका लागि जिल्लास्थित सरकारी कार्यालयहरुसँग समेत समन्वय गरी मिति तय गर्ने ।

## निर्णय नं. ३:

चालु आर्थिक वर्ष २०७९।०८० को पुस महिनासम्मको आय र व्ययको समीक्षा गर्दा आयतर्फ सन्तोषजनक रहेको र व्ययतर्फ पूँजीगत खर्च वृद्धिमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

तपसिल

| शीर्षक | वार्षिक बजेट | हालसम्मको प्रगति | प्रगति (%) | मौज्दात |
|---|---|---|---|---|
| जम्मा आम्दानी | ५५,९०,६७,४५२ | २५,१३,७६,४३० | ४४.९६ | ३०,७६,९१,०२१ |
| संघीय सरकार | ३६,१०,५०,००० | १७,२७,२८,७५० | ४७.८४ | १८,८३,२१,२५० |
| प्रदेश सरकार | ३,९१,७४,००० | १,१४,६२,००० | २९.२६ | २,७७,१२,००० |
| राजस्व बाडफाड | १०,१३,०६,१७० | २,७६,४३,५८७ | २७.३ | ७,३६,४२,५८३ |
| आन्तरिक स्रोत (गत वर्षको मौज्दात समेत) | ५,३५,३७,२८२ | ३,९५,३२,०९३ | ७३.८४ | १,४०,०५,१८८ |
| जम्मा खर्च | ५५,९०,६७,४५२ | १५,५३,२५,४१४ | २७.७८ | ४०,३७,४२,०३७ |
| चालु खर्च | ३२,१६,६८,३८० | १२,०३,०२,४८५ | ३६.४१ | २०,१३,६५,८९४ |
| पूँजीगत खर्च | २१,१३,९९,०७२ | ३,५०,२२,९२९ | १५.९६ | १८,४३,७६,१४२ |

**निर्णय नं. ४:**

आगामी आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न सरोकारवाला सबैसँग सुझाव संकलनका लागि विभिन्न माध्यमको प्रयोग गरी नीति तथा कार्यक्रमको मस्यौदा तयारी गर्ने र आयोजना/कार्यक्रम सूचीहरुलाई क्षेत्रगत वर्गीकरण गरी फागुन मसान्तभित्र प्रतिक्रिया तथा सुझावका लागि आयोजना बैंक/सूची प्रकाशन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ५:**

आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि देहाय बमोजिम समिति तथा कार्यदल गठन गर्ने र समिति/कार्यदलले अतिरिक्त समय कार्य गरेबापत प्रमाणित कार्यसम्पादन विवरणका आधारमा नियमानुसार अतिरिक्त भत्ता र बैठकभत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

**ङ) नीति तथा कार्यक्रम लेखन तयारी समिति**

अ) गाउँपालिका अध्यक्ष – संयोजक
आ) गाउँपालिका उपाध्यक्ष – सदस्य
इ) विषयगत समिति संयोजकहरु – सदस्य
ई) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

**च) मध्यमकालीन खर्च संरचना तर्जुमा प्राविधिक समिति/कार्यदल**

अ) प्रमुख प्रशासकीय अधिकृत – संयोजक
आ) विषयगत शाखा प्रमुखहरु – सदस्य
ई) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख – सदस्य सचिव

**छ) गाउँपालिकाको प्रोफाइल अद्यावधिक समिति**

अ) गाउँपालिका अध्यक्ष – संयोजक
आ) गाउँपालिका उपाध्यक्ष – सदस्य
इ) वडा अध्यक्षहरु – सदस्य
ई) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
उ) विषयगत शाखा प्रमुखहरु – सदस्य
ई) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख – सदस्य सचिव

**ज) दिगो विकास लक्ष्य स्थानीयकरण योजना नतिजा मापनका परिमाणात्मक सूचक तर्जुमा कार्यदल**

अ) गाउँपालिका अध्यक्ष – संयोजक
आ) गाउँपालका उपाध्यक्ष – सदस्य
इ) विषयगत समिति संयोजकहरु – सदस्य
ई) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

**निर्णय नं. ६:**

गाउँपालिकाको खानेपानी तथा सरसफाई रणनीतिक योजना कार्यान्वयनका लागि गठित कार्यदलले तयार गरेको प्रस्तावना स्वीकृत गरी कार्यान्वयनका कम्तिमा ३० प्रतिशत साझेदारी (गैसस र समुदायको) सुनिश्चित हुने गरी प्रस्तावना आव्हान गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ७:**

भूमे गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना २०७९ कार्यपालिका बैठकबाट अनुमोदन गरी स्वीकृतिका लागि गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंको च.नं. ३०५ मिति २०७९।१०।०५ को परिपत्रानुसार चालु आर्थिक वर्ष २०७९।०८० मा आन्तरिक राजस्व लक्ष्य अनुसार प्राप्त हुन नसकेको र राजस्व बाँडफाँडतर्फको आम्दानी प्रक्षेपणभन्दा कम हुन सक्ने भएकाले उक्त स्रोतबाट स्वीकृत विकास आयोजना बाहेकका कार्यक्रमतर्फ खर्च/दायित्व सिर्जना नभएका आयोजना/कार्यक्रमहरुको खर्च न्यूनतम् २० प्रतिशत कटौति गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ९:**

स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्न देहायका कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन/मापदण्ड/कार्यविधि तर्जुमा गरी अर्को कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

अ) आइडिया संकलन तथा प्रतिस्पर्धा कार्यक्रम
आ) डकुमेन्ट्री निर्माण प्रतिस्पर्धा कार्यक्रम
इ) स्थानीय तथ्याङ्क संकलनमा विद्यार्थी परिचालन कार्यक्रम

**निर्णय नं. १०:**

यूवा विकास केन्द्र सचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम मिति २०७९ फगुन मसान्तभित्र गाउँपालिकास्तरीय यूवा विकास केन्द्र गठन तथा अभिमुखीकरण सम्पन्न गर्ने गरी देहाय बमोजिम समयतालिका प्रकाशन गरी गाउँपालिकाका प्रवक्ता श्री नारायण पुन मगरको संयोजकत्वमा प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख र शिक्षा, यूवा तथा खेलकूद शाखा सदस्य रहने गरी तीन सदस्यीय निर्वाचक मण्डल गठन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**तपसिल**

| क्र.सं. | क्रियाकलाप | मिति र समय | स्थान |
|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०७९।११।१८ बिहान १०:०० देखि साँझ ५:०० बजेसम्म | भूमे गापा कार्यालय |
| २ | उम्मेदवार मनोनयन दर्ता गर्ने | २०७९।११।२० गते बिहान १०:०० देखि दिउँसो २:०० बजेसम्म | " " |
| ३ | उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९।११।२० गते साँझ ५:०० बजेसम्म | " " |
| ४ | उम्मेदवारको मनोनयनपत्र जाँच गर्ने | २०७९।११।२१ साँझ ५:०० सम्म | " " |

| | | | |
|---|---|---|---|
| | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९।११।२१ साँझ ५:०० बजे | " " |
| | उम्मेदवारले नाम फिर्ता लिने | २०७९।११।२२ गते दिउँसो ३:०० बजेसम्म | " " |
| | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९।११।२२ गते साँझ ५:०० बजेसम्म | " " |
| | उम्मेदवारलाई चिन्ह दिने | २०७९।११।२३ गते | " " |
| | मतदान | २०७९।११।२५ गते बिहान १०:०० देखि दिउँसो ३:०० बजेसम्म | " " |
| | मतगणना | २०७९।११।२५ गते दिउँसो ४:०० बजेदेखि | " " |
| | निर्वाचित पदाधिकारीको शपथ ग्रहण तथा अभिमुखीकरण | २०७९।११।२६ गते | " " |

णय नं. ११:

उँपालिकाभित्र गठन तथा सञ्चालन भएका विभिन्न समूह सञ्चालहरुलाई व्यवस्थित गर्न भूमे गाउँपालिकाको हहरुको दर्ता तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

णय नं. १२:

नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्न सोही ऐनको दफा ११ को उपदफा ४ (ट) बमोजिम संघ तथा प्रदेश कानुन बनी अन्यथा व्यवस्था भएमा सोही जिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी गाँउपालिका क्षेत्रमा चल्ने अटो तथा ई– रिक्साको दर्ता, मति, नवीकरण र नियमनको व्यवस्था गरी गाँउपालिका क्षेत्रलाई आवश्यक अटो तथा ई. रिक्साहरुको संख्या रण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्न भूमे गाउँपालिकाको अटो तथा क्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा यो ।

णय नं. १३:

ड गाउँपालिकाद्वारा फागुन १ गतेदेखि सञ्चालन हुने खेलकुद प्रतियोगितामा भूमे गाउँपालिकाको तर्फबाट महिला बल टिम सहभागिताका लागि पठाउने र आगामी दिनमा खेलकुद क्रियाकलाप व्यवस्थापन तथा विकासका लागि पालिकास्तरीय खेलकूद व्यवस्थापन समितिको गठन तथा कोष व्यवस्थापन गर्न आवश्यक कार्यविधि तयारीका जिल्ला खेलकूद विकास समिति र सरोकारवालाहरुसँग समन्वय गरी मस्यौदा पेश गर्न प्रमुख प्रशासकीय कृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

णय नं. १४:

रभुत सेवामा सहज पहुँचको लागि आधा घण्टाको फेरोमा झोलुङ्गे पुल निर्माण गर्ने चालु पन्ध्रौं योजनाको लक्ष्य जिम गाउँपालिकाभित्र आवश्यक पर्ने झोलुङ्गे पुलहरुको विवरण स्थानीयबासीसँगको छलफलमा वडा कार्यालयहरुले गरी तोकिएको ढाँचामा पूर्ण विवरणसहितको फारम भरी आगामी फागुन १० गतेभित्र झोलुङ्गे पुल सम्पर्क व्यक्ति घर्ति मगर र प्रशासन योजना तथा अनुगमन शाखामा पेश गरिसक्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्दछु ।

निर्णय नं. १५:

आगामी आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि कार्यक्रम/आयोजना सूची अद्यावधिक गर्न बस्तीस्तरमा योजना तर्जुमाका लागि सबै वडाहरुले वडा सदस्यहरुलाई योजना संकलनका लागि जिम्मेवारी तोकी कार्ययोजना तयार गरी फागुन १५ गतेभित्र सोको विवरण गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं. १६:

भूमे गाउँपालिका वडा नं. ६ का भिमे बुढाको आर्थिक अवस्था कमजोर रहेको र निज लामो समयदेखि फोक्सो सम्बन्धी रोगको उपचाररत रहेकाले आकस्मिक कोषबाट उपचार सहायता बापत रु. १५०००।– उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७:

सडक बोर्ड नेपाल को चालु आर्थिक वर्ष २०७९।०८० मा स्थानीय सडक मर्मत कार्यका लागि भूमे गाउँपालिकामा रु. १२,००,०००।– (बाह्र लाख मात्र) बजेट स्वीकृत भएकाले गाउँपालिकाभित्र मर्मत सम्भार तथा स्तरोन्नतिका लागि सबैभन्दा बुढी प्राथमिकता प्राप्त तपसिल बमोजिमको आयोजना कार्यक्रम स्वीकृत गरी सडक बोर्ड नियमावली, २०६० को नियम ९ बमोजिम न्यूनतम् ३० प्रतिशत समपूरक रकम गाउँपालिकाको सडक मर्मत शीर्षकबाट बेहोर्ने प्रतिवद्धता सहित सडक बोर्ड नेपालमा सहमतिका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | आयोजना/कार्यक्रम | परिमाण | लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सिमा झुम्लाबाङ क्याङ्सी गाबाङ काँकी सडक मर्मत/स्तरोन्नति | ५७१०m³ | १६५०७१७ | High Grade तथा Turning Widening तथा ग्रेड सुधार |

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| — | फरक मत नरहेको । | | |

प्रमाणित गर्दछु ।